# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

सिंहदरबार, काठमाडौं

## आर्थिक वर्ष २०७९/८० का लागि प्रदेश कानूनबमोजिम प्रदेशले स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा प्रदेश सरकार, गण्डकी प्रदेशलाई गरिएको सिफारिस

सिफारिस मिति: २०७८/१२/२३ गते, बुधबार।

### १. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। नेपालको संविधानमा तीनै तहका सरकारका बीचमा राज्यशक्तिको बाँडफाँट गरिएको छ। तहगत सरकार बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था संविधानले नै सुनिश्चित गरेको छ। तीन तह बीचको सहकारिताको एउटा महत्वपूर्ण अवयवको रूपमा अन्तर-सरकारी वित्तीय हस्तान्तरण रहेको छ।

स्थानीय तहहरू बीचमा रहने भौगोलिक तथा जनसाङ्ख्यिक विविधता र आर्थिक सामाजिक तथा भौतिक विकासको असमान अवस्थाले उनीहरूको खर्चको आवश्यकता र राजस्व परिचालन क्षमता बीचमा असमानता रहन्छ। त्यस्तो असमानतालाई न्यूनीकरण गर्दै उपलब्ध स्रोत र साधनको समन्यायिक वितरणलाई सुनिश्चित गर्न संविधान तथा कानूनद्वारा नै स्वतन्त्र संवैधानिक निकायको सिफारिसमा प्रदेश सरकारले स्थानीय तहलाई अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको हुन्छ।

नेपालको सन्दर्भमा पनि प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानूनबमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ। साथै, त्यस्तो अनुदानका सम्बन्धमा सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था नेपालको संविधान र अन्य प्रचलित ऐनहरू समेतमा गरिएको छ। यसै व्यवस्थालाई कार्यान्वयन गर्ने क्रममा विगतका वर्षहरूमा जस्तै आगामी आ.व. २०७९/८० का लागि पनि प्रदेश कानूनबमोजिम प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदानको कुल परिमाणलाई यस आयोगबाट स्थानीय तहगत रुपमा बाँडफाँट गरी प्रदेश सरकार समक्ष सिफारिस गरिएको छ।

### २. कानुनी व्यवस्था

#### क. नेपालको संविधान

प्रदेश कानूनबमोजिम प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा नेपालको संविधानमा देहायका व्यवस्थाहरू रहेका छन्:

- संविधानको धारा ६० को उपधारा (३) - प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ।

- संविधानको धारा ६० को उपधारा (५) - प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानूनबमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्नेछन्।

## ख. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) को खण्ड (क) मा प्रदेश कानूनबमोजिम प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा प्रदेशलाई सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था रहेको छ ।

सोही ऐनको दफा ३ को उपदफा (२) मा आयोगले संविधान तथा यस ऐन बमोजिम सुझाव वा सिफारिस दिँदा वा ढाँचा तयार गर्दा प्रदेश तथा स्थानीय तहको कार्य सम्पादनलाई समेत आधार लिने व्यवस्था रहेको छ।

सोही ऐनको दफा १६ को उपदफा (१) मा प्रदेशले स्थानीय तहलाई प्रचलित कानूनबमोजिम उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानका सम्बन्धमा प्रदेशलाई सिफारिस गर्दा आयोगले देहायका आधार लिई सिफारिस गर्नुपर्ने व्यवस्था रहेको छः

(क) प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकाङ्क,
(ख) अन्य प्रदेश वा स्थानीय तहको सन्तुलित विकासको अवस्था,
(ग) प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था,
(घ) प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता,
(ङ) प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनुपर्ने सेवा,
(च) प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता,
(छ) प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता।

सोही ऐनको दफा १६ को उपदफा (३) मा आयोगले उपदफा (१) बमोजिम वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रत्येक प्रदेश र स्थानीय तहले प्राप्त गर्ने न्यूनतम अनुदान र उपदफा (१) बमोजिमका आधारहरू बमोजिम प्रत्येक प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने व्यवस्था रहेको छ।

## ग. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ को उपदफा (२) मा नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानूनबमोजिम आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था रहेको छ।

सोही ऐनको दफा १८ को उपदफा (३) मा प्रदेश सरकारले आयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको चैत मसान्तभित्र संविधानको धारा ६० को उपधारा (५) बमोजिम स्थानीय

तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ।

सोही ऐनको दफा २८ मा यस ऐन वा प्रचलित कानूनबमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ।

### घ. प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५

प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा ४ को उपदफा (१) मा संविधानको धारा ६० को उपधारा (५) तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ को उपदफा (२) बमोजिम प्रदेश सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था रहेको छ।

सोही ऐनको दफा ४ को उपदफा (२) मा प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्व समेतका आधारमा उपदफा (१) बमोजिम स्थानीय तहलाई बाँडफाँट हुने समानीकरण अनुदान रकम निर्धारण गर्ने व्यवस्था रहेको छ।

## ३. वित्तीय समानीकरण अनुदान सिफारिसमा तथ्याङ्कको स्रोत

आगामी आर्थिक वर्ष २०७९/८० का लागि वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा विभिन्न स्रोतहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ, जसको विवरण यसप्रकार रहेको छः

| क्र.सं. | सूचक | स्रोत |
|---|---|---|
| १. | जनसङ्ख्या | • राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग |
| २. | क्षेत्रफल (भूगोल) | • नापी विभाग |
| ३. | मानव विकास सूचकाङ्क | • नेपाल मानव विकास प्रतिवेदन २०२०, राष्ट्रिय योजना आयोग |
| ४. | प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक असमानता सूचकाङ्क | • राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७६) |
| ५. | पूर्वाधार विकास<br>(क) सडकको घनत्व (सडकमा पहुँच),<br>(ख) विद्युतको सुविधा (विद्युतमा पहुँच),<br>(ग) सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच),<br>(घ) खानेपानीको सुविधा (खानेपानीमा पहुँच),<br>(ङ) सरसफाइ (शौचालयको उपलब्धता) | • राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग,<br>• सडक विभाग, शहरी विकास तथा भवन निर्माण विभाग र स्थानीय पूर्वाधार विभाग,<br>• नेपाल विद्युत प्राधिकरण,<br>• खानेपानी मन्त्रालय |
| ६. | राजस्वको अवस्था | • राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन,<br>• महालेखा नियन्त्रक कार्यालय, |

| क्र.सं. | सूचक | स्रोत |
|---|---|---|
| | | • प्रदेश तथा स्थानीय तह |
| ७. | खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता | • राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७५) |

## ४. वित्तीय समानीकरण अनुदान सिफारिस गर्न लिइएका आधार र ढाँचा तथा सोको व्याख्या एवम् विश्लेषण

### ४.१ न्यूनतम वित्तीय समानीकरण अनुदान

गण्डकी प्रदेशले प्रदेशभित्रका स्थानीय तहलाई उपलब्ध गराउने न्यूनतम वित्तीय समानीकरण अनुदान सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (३) बमोजिम प्रत्येक स्थानीय तहका लागि न्यूनतम अनुदान सिफारिस गरिएको छ। आर्थिक वर्ष २०७९/८० को लागि प्रत्येक स्थानीय तहलाई न्यूनतम अनुदान सिफारिस गर्दा स्थानीय तहको जनसङ्ख्यालाई आधार लिई देहायबमोजिम सिफारिस गरिएको छ।

| क्र.सं. | सम्बद्ध स्थानीय तहको जनसङ्ख्या | स्थानीय तहको संख्या | न्यूनतम अनुदान (रू. हजारमा) | जम्मा (रू. हजारमा) |
|---|---|---|---|---|
| १ | १० हजार भन्दा कम | ११ | १२५० | १३७५० |
| २ | १० देखि २० हजारसम्म | २८ | १३७५ | ३८५०० |
| ३ | २० देखि ३० हजारसम्म | २४ | १५०० | ३६००० |
| ४ | ३० देखि ४० हजारसम्म | ८ | १६२५ | १३००० |
| ५ | ४० देखि ५० हजारसम्म | ६ | १७५० | १०५०० |
| ६ | ५० देखि ६० हजारसम्म | ५ | १८७५ | ९३७५ |
| ७ | ६० देखि ७० हजारसम्म | १ | २००० | २००० |
| ८ | ७० देखि ८० हजारसम्म | १ | २१२५ | २१२५ |
| ९ | ८० देखि ९० हजारसम्म | ० | २२५० | ० |
| १० | ९० देखि १ लाखसम्म | ० | २३७५ | ० |
| ११ | १ लाख देखि १ लाख १५ हजारसम्म | ० | २५०० | ० |
| १२ | १ लाख १५ हजार देखि १ लाख ४० हजारसम्म | ० | ३८७५ | ० |
| १३ | १ लाख ४० हजार देखि १ लाख ५० हजारसम्म | ० | ४१२५ | ० |
| १४ | १ लाख ५० हजार देखि २ लाखसम्म | ० | ४३७५ | ० |
| १५ | २ लाख देखि ३ लाखसम्म | ० | ५००० | ० |
| १६ | ३ लाख देखि ५ लाखसम्म | १ | ५१२५ | ५१२५ |
| १७ | ५ लाख भन्दा बढी | ० | ५६२५ | ० |
| | **जम्मा** | **८५** | | **१३०३७५** |

### ४.२ सुत्रमा आधारित वित्तीय समानीकरण अनुदान

गण्डकी प्रदेशले प्रदेश भित्रका स्थानीय तहलाई उपलब्ध गराउने कुल वित्तीय समानीकरण अनुदान रकममध्ये न्यूनतम अनुदान रकम छुट्याइसकेपछि बाँकी हुन आउने रकमलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) मा वित्तीय समानीकरण अनुदानको सिफारिसका लागि उल्लेख गरिएका आधारहरूलाई मानव विकास सूचकाङ्क, आर्थिक सामाजिक असमानता, पूर्वाधारको अवस्था, राजस्वको अवस्था र खर्चको आवश्यकता तथा राजस्व उठाउन सक्ने क्षमता गरी ५ वटा शीर्षकमा समेटी मूल्याङ्कन गरिएको छ। आगामी आर्थिक वर्ष २०७९/८० को लागि प्रदेश सरकारबाट प्रदेशभित्रका स्थानीय तहहरूलाई उपलब्ध गराउनुपर्ने वित्तीय समानीकरण अनुदान रकम यस आयोगबाट देहायका विस्तृत आधार र ढाँचामा निर्धारण गरी प्रदेश सरकारलाई सिफारिस गरिएको छ।

| क्र.सं. | सूचक/उपसूचक | उपसूचकको भार | सूचकको भार |
|---|---|---|---|
| १. | मानव विकास सूचकाङ्क | | १० % |
| २. | आर्थिक सामाजिक असमानता | | ५ % |
| ३. | पूर्वाधार विकासको अवस्था | | १० % |
| | (क) सडकको घनत्व (सडकमा पहुँच), | ६० % | |
| | (ख) विद्युतको सुविधा (विद्युतमा पहुँच), | १० % | |
| | (ग) सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच), | १० % | |
| | (घ) खानेपानीको सुविधा (खानेपानीमा पहुँच), | १० % | |
| | (ङ) सरसफाइ (शौचालयको उपलब्धता) | १० % | |
| ४. | राजस्वको अवस्था | | ५ % |
| ५. | खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता | | ७० % |
| **जम्मा** | | | **१०० %** |

### ४.२.१ मानव विकास सूचकाङ्क

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) मा वित्तीय समानीकरण अनुदानको एउटा आधारको रुपमा प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य जस्ता मानव विकास सूचकाङ्कलाई लिनुपर्ने उल्लेख छ। यस प्रयोजनका लागि सन् २०२० मा प्रकाशित नेपाल मानव विकास प्रतिवेदनको तथ्याङ्कलाई यस सूचकमा प्रयोग गरिएको छ। सो प्रतिवेदनले राष्ट्रिय तहको अलावा प्रदेश तहसम्मको मानव विकास सूचकाङ्क प्रकाशन गरेको भए तापनि स्थानीय तहगत रूपमा त्यस्तो सूचकाङ्क उल्लेख गरिएको छैन। ऐनको व्यवस्था कार्यान्वयन गर्ने क्रममा स्थानीय तहगत रूपमा नै मानव विकास सूचकाङ्क आवश्यक पर्ने हुँदा सो प्रतिवेदनमा उपलब्ध प्रादेशिक, भौगोलिक तथा शहरी र ग्रामिण सूचकाङ्क समेतलाई आधार बनाएर आयोगले सबै स्थानीय तहको मानव विकासको प्रतिविम्बित (Indicative) सूचकाङ्क विकास गरी अनुदान सिफारिसको प्रयोजनार्थ प्रयोगमा ल्याइएको छ। मानव विकास सूचकाङ्कले स्थानीय तहमा बसोबास गर्ने मानिसको शिक्षा, स्वास्थ्य र आयको मापन गर्दछ। जुन स्थानीय तहको मानव विकास सूचकाङ्क कम छ, त्यस स्थानीय तहले आफ्नो क्षेत्रका जनताको जीवनस्तर उकास्नका लागि अतिरिक्त प्रयास गर्नुपर्ने हुन्छ, सोका लागि स्वभाविक रुपमा अतिरिक्त खर्चको

आवश्यकता हुन्छ। यसै प्रयोजनका लागि मानव विकास सूचकाङ्कलाई १० प्रतिशत भार दिइएको छ।

### ४.२.२ आर्थिक सामाजिक असमानता

आर्थिक सामाजिक असमानता सूचकाङ्क सम्बन्धमा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक असमानता मापन गर्नका लागि आर्थिक, सामाजिक र जलवायु परिवर्तन जोखिम तथा विपद् क्षेत्रका ६ वटा आयामहरूका २९ वटा उप-सूचकहरूका आधारमा आर्थिक, सामाजिक असमानता सूचकाङ्क निर्माण गरिएको छ। आर्थिक सामाजिक असमानताको अवस्था उच्च रहेका स्थानीय तहले विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाह गर्ने कार्यमा प्रभावकारिता ल्याउन थप खर्च गर्नुपर्ने हुन्छ। यसै प्रयोजनका लागि आर्थिक सामाजिक असमानता सूचकाङ्कलाई ५ प्रतिशत भार दिईएको छ।

### ४.२.३ पूर्वाधार विकासको अवस्था

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) अनुसार वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकतालाई आधार लिनुपर्ने व्यवस्था रहेको छ। स्थानीय तहको पूर्वाधार विकासको अवस्थाले सो स्थानीय तहको विकासको अवस्था निर्धारण गर्ने आधार दिन्छ। पूर्वाधार विकासको अवस्था कमजोर भएका स्थानीय तहले जनतालाई संविधानले मार्गदर्शन गरे अनुसारका सेवा सुविधा प्रदान गर्न अतिरिक्त खर्च गर्नुपर्ने हुन्छ, जसले गर्दा सेवाको लागत वृद्धि गराउँदछ। आयोगले स्थानीय तहमा उपलब्ध सडक, विद्युत, सूचना प्रविधि, खानेपानी र सरसफाइको पहुँच तथा उपलब्धतालाई आधार मानी पूर्वाधार सूचकाङ्क तयार गरेको छ र यसलाई १० प्रतिशत भार प्रदान गरेको छ। पूर्वाधार विकास अन्तर्गत सडक घनत्व, विद्युत सुविधा, सूचना प्रविधि सुविधा, खानेपानी सुविधा र सरसफाइलाई उपसूचकको रुपमा लिइएको छ।

(क) **सडकको घनत्व (सडकमा पहुँच)**ः सडक सञ्जालको पहुँचले स्थानीय तहको विकासलाई प्रभावित गर्दछ, उनीहरूले प्रवाह गर्नुपर्ने सेवा प्रवाहको लागतमा असर पार्दछ। सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाउन र आम सर्वसाधारण जनतालाई सुगम तथा सहज ढङ्गले सेवा प्रवाह गर्नका लागि पनि सडकको भूमिका महत्वपूर्ण हुन्छ। अतः पूर्वाधार विकासलाई दिईएको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट ६० प्रतिशत भार स्थानीय तहको सडक घनत्वलाई दिइएको छ।

(ख) **विद्युतको सुविधा (विद्युतमा पहुँच)**ः विकासको एउटा आवश्यकताको रुपमा लिइने विद्युतको सुविधाले स्थानीय तहको आर्थिक विकासमा बहु-आयामिक भूमिका खेल्दछ। जुन स्थानीय तहमा विद्युत सुविधाको पहुँच कमजोर रहेको छ, उसका लागि थप आर्थिक व्ययभार आवश्यक पर्दछ। यसै परिप्रेक्ष्यमा स्थानीय तहको विद्युत सुविधाको अवस्थालाई उपसूचकका रुपमा लिई पूर्वाधार विकासलाई दिईएको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट १० प्रतिशत भार विद्युत सुविधाको पहुँचलाई दिईएको छ।

(ग) **सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच)**ः जुन स्थानीय तहको सूचना प्रविधिको पहुँचको अवस्था कमजोर छ, त्यस्ता स्थानीय तहले सूचना प्रविधिको पहुँच स्तर माथि

उकास्न यथोचित लगानी गर्नुपर्ने हुन्छ। यसले स्थानीय तहको आर्थिक व्ययभार बढाउने गर्दछ। यसै पक्षलाई ख्याल गर्दै पूर्वाधार विकासका लागि तोकिएको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट १० प्रतिशत भार सूचना प्रविधिको पहुँचलाई दिइएको छ।

(घ) **खानेपानीको सुविधा (खानेपानीमा पहुँच)**: संविधानले परिकल्पना गरे अनुसारको लोक कल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्न अन्य कुराका अलावा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउनुपर्ने हुन्छ। स्थानीय तहमा खानेपानी सुविधाको पहुँच बढाउन थप आर्थिक स्रोतको आवश्यकता पर्दछ। अतः यसै पक्षलाई ख्याल राख्दै पूर्वाधार विकास अन्तर्गतको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट १० प्रतिशत भार खानेपानी सुविधा उपसूचकलाई प्रदान गरिएको छ।

(ङ) **सरसफाइ (शौचालयको उपलब्धता)**: नेपालको संविधानले नै प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। सरसफाइको अवस्था कमजोर रहेको स्थानीय तहले सो सुविधा वृद्धि गर्नका लागि थप लगानी गर्नुपर्ने हुन्छ। स्थानीय तहमा हाल रहेका शौचालयहरूको उपलब्धतालाई सरसफाइ सूचक मानी पूर्वाधार विकास अन्तर्गतको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट १० प्रतिशत भार सरसफाइ (शौचालयको उपलब्धता) उपसूचकलाई प्रदान गरिएको छ।

यसप्रकार पूर्वाधार विकास सम्बन्धी उल्लिखित सडक, विद्युत, सूचना प्रविधि, खानेपानी र सरसफाइसम्बन्धी सूचक उच्च भएका स्थानमा कम लगानी र त्यस्ता सूचकहरूको उपलब्धता न्यून भएको स्थानमा बढी लगानी गर्ने गरी आयोगले वित्तीय समानीकरण अनुदान सिफारिस गरेको छ।

### ४.२.४ राजस्वको अवस्था

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) ले वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमतालाई आधार लिनुपर्ने व्यवस्था गरेको छ। यस सूचकका लागि आयोगले प्रत्येक स्थानीय तहले राजस्व सङ्कलनमा गरेका प्रयासहरू र उनीहरूले उठाएको राजस्वको अवस्थाको तथ्याङ्क सङ्कलन गरी विश्लेषण गर्दा प्रायः सबै स्थानीय तहहरूले राजस्व सङ्कलन गरेको र राजस्व सङ्कलन गर्ने थप प्रयास समेत गरेको देखिएकोले सबै स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने प्रयोजनार्थ राजस्वको अवस्था सूचकका लागि समान अङ्कभार प्रदान गरिएको छ।

### ४.२.५ खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता

नेपालको संविधानको धारा ६० को उपधारा (५) ले प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानूनबमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने व्यवस्था गरेको छ। त्यसैगरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को

उपदफा (१) ले वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता र प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकतालाई आधार लिनुपर्ने व्यवस्था गरेको छ। त्यसै गरी प्रदेश ऐनले पनि प्रदेश सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था गरेको छ। उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्थाअनुसार आयोगले वित्तीय समानीकरण अनुदानको सिफारिस गर्दा प्रत्येक स्थानीय तहको खर्चको आवश्यकताका अलावा राजस्वको क्षमता निर्धारण गरी वित्तीय अन्तर (Fiscal Gap) पत्ता लगाउनुपर्ने हुन्छ। खर्चको आवश्यकता आंकलन गर्नका निमित्त संविधानको अनुसूचीमा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकार बमोजिमका कार्य जिम्मेवारीको थप प्रष्टता हुनुपर्ने, कार्य जिम्मेवारी अनुरुपको कार्यसम्पादनका लागि प्रत्येक तहले सम्पादन गर्नुपर्ने अलग अलग कार्यको स्पष्ट किटानी हुनुपर्ने, साथै प्रत्येक कामको न्यूनतम राष्ट्रिय तथा प्रादेशिक मानदण्ड र राष्ट्रिय तथा तहगत लक्ष्य तय हुनुपर्ने हुन्छ। तोकिएको मानदण्ड र लक्ष्य बमोजिमको कार्य सम्पादन गर्नका लागि उक्त कामको प्रति इकाई लागत निकाली कुल लागत निर्धारण गर्नुपर्ने हुन्छ। हाल स्थानीय तहले सम्पादन गर्नुपर्ने कतिपय कार्यको आधारभूत मानदण्ड तथा तहगत लक्ष्य निर्धारण भैनसकेको अवस्थामा खर्चको आवश्यकताको यथार्थ आंकलन गर्ने कार्य कठिन हुने देखिन्छ। त्यसैगरी राजस्व उठाउन सक्ने क्षमताको आंकलन गर्दा प्रत्येक स्थानीय तहको राजस्व अधिकार, राजस्वको सम्भाव्य दायरा र दर तथा राजस्व उठाउँदा हुने लाभ-लागत अनुपात र भैरहेको राजस्व सङ्कलनको कुल आकार समेतको विश्लेषण गर्नुपर्ने हुन्छ। तर सङ्घीयता कार्यान्वयनको छोटो अवधीमा यस सम्बन्धी विस्तृत तथ्याङ्कहरू उपलब्ध भइनसकेको अवस्थामा यथार्थ राजस्व असुलीको सम्भाव्यता यकिन गर्नु पनि उत्तिकै चूनौतीपूर्ण रहेको छ। यी सबै सीमाहरूका बीचबाट आयोगले निश्चित सूचक र विश्लेषणका आधारमा स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आंकलन सम्बन्धी अध्ययन कार्य गरेको छ र आगामी दिनमा उक्त अध्ययनलाई अद्यावधिक गर्दै लगिने छ। आगामी आर्थिक वर्ष २०७९/८० को लागि वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा आयोगले गरेको अध्ययनबाट देखिएको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमता बीचको वित्तीय अन्तरको सूचकलाई ७० प्रतिशत भार दिईएको छ।

यसरी आर्थिक बर्ष २०७९/८० को लागि गण्डकी प्रदेशले प्रदेशभित्रका स्थानीय सरकारलाई प्रदान गर्ने सूत्रमा आधारित वित्तीय समानीकरण अनुदान रु. १ अर्ब २ करोड ९६ लाख २५ हजार हुने गरी सिफारिस गरिएको छ।

## ५. वित्तीय समानीकरण अनुदानसम्बन्धी सिफारिस

संविधान तथा कानूनतः प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय समानीकरण अनुदान उपलब्ध गराउँदा प्रदेश कानूनबमोजिम सिफारिस गर्नुपर्ने भनी उल्लेख गरिएको भएतापनि सो सम्बन्धमा प्रदेशका कानूनहरू अध्ययन गर्दा ती कानूनहरूमा पनि संविधान र सङ्घीय ऐनमा भएको व्यवस्थाभन्दा सो अनुदान सिफारिस गर्ने फरक र छुट्टै आधारहरू उल्लेख गरेको नपाईएकोले सङ्घीय ऐनकै आधार (सूचक) लाई अनुदान सिफारिसको आधारको रुपमा लिईएको छ। तसर्थ, नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर-सरकारी वित्त

व्यवस्थापन ऐन, २०७४ र गण्डकी प्रदेश, प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ मा वित्तीय समानीकरण अनुदानका सम्बन्धमा भएका व्यवस्थाअनुसार प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सम्बन्धमा सिफारिस गरिएको छ।

प्रदेश सरकारबाट प्रदेशभित्रका प्रत्येक स्थानीय तहहरूमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान निर्धारण गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (३) को व्यवस्थाबमोजिम प्रत्येक स्थानीय तहले प्राप्त गर्ने न्यूनतम अनुदान र सोही ऐनको दफा १६ को उपदफा (१) मा तोकिएका आधारहरू बमोजिम प्राप्त गर्ने सुत्रमा आधारित अनुदान छुट्टाछुट्टै गणना गरी कुल वित्तीय समानीकरण अनुदान सिफारिस गरिएको छ।

यसरी आर्थिक बर्ष २०७९/८० को लागि गण्डकी प्रदेशले प्रदेशभित्रका स्थानीय सरकारलाई प्रदान गर्ने न्यूनतम अनुदान रु.१३ करोड ३ लाख ७५ हजार र सुत्रमा आधारित अनुदान रु.१ अर्ब २ करोड ९६ लाख २५ हजार समेत कुल वित्तीय समानीकरण अनुदान रु.१ अर्ब १६ करोड हुने गरी सिफारिस गरिएको छ।

## ६. वित्तीय समानीकरण अनुदानसम्बन्धी सुझाव

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २८ मा उक्त ऐन वा प्रचलित कानूनबमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्ने व्यवस्था गरिएको छ। वित्तीय समानीकरण अनुदानको मूल उद्देश्य स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको फरकबाट सिर्जना हुने वित्तीय अन्तर घटाई सन्तुलन कायम गर्नु हो। नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्रदान गरिएको जिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत अभावको समस्या घटाउन यो अनुदान हस्तान्तरण गरिन्छ। अतः स्थानीय तहले वित्तीय समानीकरण अनुदानको प्रयोग गर्दा नेपालको संविधान अनुसार आफूलाई प्राप्त कार्य जिम्मेवारी पुरा गर्न यस अनुदानको प्रयोग गर्नुपर्दछ। त्यसरी अनुदानको प्रयोग गर्दा कुनै विषयगत क्षेत्रका कार्यहरूमा मात्र बढी रकम विनियोजन गर्ने र अन्य विषयगत क्षेत्रका कार्यहरूका लागि आवश्यक रकम विनियोजन नै नहुने अवस्था आउन दिनु हुँदैन। त्यसैगरी आफ्ना अधिकारक्षेत्र भित्रका विषयहरूको सन्तुलित एवम् नतिजामुखी कार्यान्वयनमा जोड दिनुपर्दछ। साथै, अनुदान सिफारिसका लागि लिइएका आधार तथा सूचकहरूले समावेश गरेका विषय तथा क्षेत्रहरूमा अपेक्षित विकास, सुधार तथा गुणस्तर कायम गर्ने गरी यस अनुदानको प्रयोग गरिनुपर्दछ।

उल्लिखित संवैधानिक व्यवस्था र कानूनमा तोकिएका आधारहरू बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदान सम्बन्धमा देहाय बमोजिमका सुझावहरू उपलब्ध गराईएको छः

(१) सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानलाई संविधानको मर्म र भावनाबमोजिम वितरण गर्ने गरी व्यवस्थित गर्दै यस्ता अनुदानको परिमाणलाई न्यूनीकरण गर्ने र स्थानीय तहको वित्तीय अन्तर (Fiscal Gap) परिपूर्ति गर्न वित्तीय समानीकरण अनुदानलाई क्रमशः बढाउँदै लाने नीति लिनुपर्ने।

(२) नेपालको संविधानले सुरक्षित गरेका नागरिकका मौलिक हक कार्यान्वयनको सुनिश्चितता गर्न तथा राज्यका निर्देशक सिद्धान्त अनुरूपको दिशामा अगाडि बढ्ने गरी स्थानीय तहको आर्थिक विकासमा योगदान पुऱ्याउन वित्तीय समानीकरण अनुदानको प्रयोग गर्नुपर्ने।

(३) प्रादेशिक रुपमा पछाडि परेका स्थानीय तहलाई प्रादेशिक औसत स्तरको नजिक ल्याउन वित्तीय समानीकरण अनुदानको प्रयोग गर्नुपर्ने।

(४) समाजका सबै वर्ग, क्षेत्र, समुदाय, जातजाति, अल्पसङ्ख्यक, सीमान्तकृत, अशक्त र असहायहरूको सशक्तिकरण गर्न र स्थानीय तहलाई विकासको मूलप्रवाहमा ल्याउन समानीकरण अनुदानको प्रयोग गर्नुपर्ने।

(५) स्थानीय तहले राष्ट्रिय तथा प्रादेशिक मानदण्ड र राष्ट्रिय तथा प्रादेशिक लक्ष्य हासिल गर्ने दिशामा योगदान पुग्ने गरी वित्तीय समानीकरण अनुदानको रकम प्रयोग गर्नुपर्ने।

(६) सम्बन्धित स्थानीय तहको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता अत्यावश्यक सेवा उपलब्ध गराउन, अन्य स्थानीय तहसँग प्रतिस्पर्धा गर्दै सन्तुलित विकास गर्न गराउन, स्थानीय तहमा रहेको आर्थिक सामाजिक असमानता न्यूनीकरण गर्न, सडक, सिँचाइ, विद्युत, सञ्चार लगायतका पूर्वाधार विकास गर्न तथा संविधानले प्रत्याभूत गरेको खर्चको जिम्मेवारी पूरा गर्न वित्तीय समानीकरण अनुदान रकमको प्रयोग गर्नुपर्ने।

(७) नागरिकहरूलाई बासस्थानको आधारमा भेदभाव नहुने गरी सरकारी सेवाहरू न्यूनतम र समतामूलक (Minimum and Equitable) रुपमा प्रदान गर्न उपयुक्त मात्रामा स्रोत साधनहरू उपलब्ध गराउन वित्तीय समानीकरण अनुदानको रकम प्रयोग गर्नुपर्ने।

(८) संविधानले स्थानीय तहलाई दिएको संवैधानिक जिम्मेवारी अनुरुप सेवा प्रवाह र विकास निर्माण गर्नका लागि वित्तीय समानीकरण अनुदान प्रयोग गर्नुपर्ने।

(९) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजस्व र उक्त ऐन बमोजिम राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था रहेको हुँदा स्थानीय तहले अध्ययन भ्रमण, वैदेशिक भ्रमण, प्रशासनिक एवम् कार्यालय सञ्चालन जस्ता शीर्षक वा विषयमा वित्तीय समानीकरण अनुदानबाट प्राप्त रकमको प्रयोग गर्न नहुने।

(१०) प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानूनबमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्ने संवैधानिक व्यवस्था रहेको छ। आगामी दिनमा प्रदेशले स्थानीय तहलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानको परिमाण तय गर्दा संविधानको मर्म अनुरुप थप वस्तुनिष्ठ बनाउनुपर्नेतर्फ ध्यान दिनुपर्ने।

**द्रष्टव्य :** आर्थिक वर्ष २०७९/८० का लागि प्रदेश सरकारले स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानसम्बन्धी सिफारिस अनुसूचीमा समावेश गरिएको छ।

<u>अनुसूची-१</u>

आर्थिक वर्ष २०७९/८० का लागि प्रदेश कानुनबमोजिम प्रदेशले स्थानीय सरकारलाई दिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा प्रदेश सरकार, गण्डकी प्रदेशलाई गरिएको सिफारिस

*रकम रू. हजारमा*

| क्र.सं. | जिल्ला | सङ्केत नं. | स्थानीय सरकारको नाम | न्यूनतम | सुत्रमा आधारित | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | गोरखा | ४०१०१ | चुमनुब्री गाउँपालिका | १२५० | ६५८८ | ७८३८ |
| २ | गोरखा | ४०१०२ | अजिरकोट गाउँपालिका | १३७५ | १२८२१ | १४१९६ |
| ३ | गोरखा | ४०१०३ | बारपाक सुलिकोट गाउँपालिका | १५०० | १७२४५ | १८७४५ |
| ४ | गोरखा | ४०१०४ | धार्चे गाउँपालिका | १३७५ | ९७४७ | ११११२२ |
| ५ | गोरखा | ४०१०५ | आरुघाट गाउँपालिका | १५०० | १६३२६ | १७८२६ |
| ६ | गोरखा | ४०१०६ | भिमसेनथापा गाउँपालिका | १५०० | १६२५७ | १७७५७ |
| ७ | गोरखा | ४०१०७ | सिरानचोक गाउँपालिका | १५०० | १७२०२ | १८७०२ |
| ८ | गोरखा | ४०१०८ | पालुङ्गटार नगरपालिका | १६२५ | २३६३७ | २५२६२ |
| ९ | गोरखा | ४०१०९ | गोरखा नगरपालिका | १८७५ | ३०४७० | ३२३४५ |
| १० | गोरखा | ४०११० | शहीद लखन गाउँपालिका | १५०० | १९०३६ | २०५३६ |
| ११ | गोरखा | ४०१११ | गण्डकी गाउँपालिका | १५०० | १६७५९ | १८२५९ |
| १२ | मनाङ | ४०२०१ | नार्पा भूमि गाउँपालिका | १२५० | १३३४ | २५८४ |
| १३ | मनाङ | ४०२०२ | मनाङ ङिस्याङ गाउँपालिका | १२५० | ३८२४ | ५०७४ |
| १४ | मनाङ | ४०२०३ | चामे गाउँपालिका | १२५० | ३००७ | ४२५७ |
| १५ | मनाङ | ४०२०४ | नासों गाउँपालिका | १२५० | ३७०४ | ४९५४ |
| १६ | मुस्ताङ | ४०३०१ | लो घेकर दामोदरकुण्ड गाउँपालिका | १२५० | २५०९ | ३७५९ |
| १७ | मुस्ताङ | ४०३०२ | घरपझोङ गाउँपालिका | १२५० | ५४१७ | ६६६७ |
| १८ | मुस्ताङ | ४०३०३ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | १२५० | ३९४९ | ५१९९ |
| १९ | मुस्ताङ | ४०३०४ | लोमन्थाङ गाउँपालिका | १२५० | ३३८३ | ४६३३ |
| २० | मुस्ताङ | ४०३०५ | थासाङ गाउँपालिका | १२५० | ४५५४ | ५८०४ |
| २१ | म्याग्दी | ४०४०१ | अन्नपूर्ण गाउँपालिका | १३७५ | ७३६१ | ८७३६ |
| २२ | म्याग्दी | ४०४०२ | रघुगंगा गाउँपालिका | १३७५ | ८१०७ | ९४८२ |
| २३ | म्याग्दी | ४०४०३ | धवलागिरी गाउँपालिका | १३७५ | ७२५६ | ८६३१ |
| २४ | म्याग्दी | ४०४०४ | मालिका गाउँपालिका | १३७५ | ९१८९ | १०५६४ |
| २५ | म्याग्दी | ४०४०५ | मंगला गाउँपालिका | १३७५ | ८३०० | ९६७५ |
| २६ | म्याग्दी | ४०४०६ | बेनी नगरपालिका | १६२५ | १४३५५ | १५९८० |
| २७ | कास्की | ४०५०१ | मादी गाउँपालिका | १३७५ | ९१२० | १०४९५ |
| २८ | कास्की | ४०५०२ | माछापुच्छ्रे गाउँपालिका | १५०० | १०४७२ | ११९७२ |
| २९ | कास्की | ४०५०३ | अन्नपूर्ण गाउँपालिका | १५०० | १११६३ | १२६६३ |
| ३० | कास्की | ४०५०४ | पोखरा महानगरपालिका | ५१२५ | ७७६९५ | ८२८२० |
| ३१ | कास्की | ४०५०५ | रूपा गाउँपालिका | १३७५ | ८०५६ | ९४३१ |
| ३२ | लमजुङ | ४०६०१ | दोर्दी गाउँपालिका | १३७५ | ८७९२ | १०१६७ |
| ३३ | लमजुङ | ४०६०२ | मर्स्याङ्दी गाउँपालिका | १३७५ | ९०६८ | १०४४३ |

| क्र.सं. | जिल्ला | सङ्केत नं. | स्थानीय सरकारको नाम | न्यूनतम | सुत्रमा आधारित | जम्मा |
|---|---|---|---|---|---|---|
| ३४ | लमजुङ | ४०६०३ | क्व्होलासोथार गाउँपालिका | १३७५ | ५८८३ | ७२५८ |
| ३५ | लमजुङ | ४०६०४ | मध्यनेपाल नगरपालिका | १५०० | १०९४८ | १२४४८ |
| ३६ | लमजुङ | ४०६०५ | बेंसीशहर नगरापालिका | १७५० | १६३०० | १८०५० |
| ३७ | लमजुङ | ४०६०६ | सुन्दरबजार नगरपालिका | १५०० | १२२८७ | १३७८७ |
| ३८ | लमजुङ | ४०६०७ | राईनास नगरपालिका | १३७५ | ९०८० | १०४५५ |
| ३९ | लमजुङ | ४०६०८ | दुधपोखरी गाउँपालिका | १३७५ | ६१७६ | ७५५१ |
| ४० | तनहुँ | ४०७०१ | भानु नगरपालिका | १७५० | १७१४० | १८८९० |
| ४१ | तनहुँ | ४०७०२ | ब्यास नगरपालिका | २१२५ | २३८५६ | २५९८१ |
| ४२ | तनहुँ | ४०७०३ | म्याग्दे गाउँपालिका | १५०० | १०६२३ | १२१२३ |
| ४३ | तनहुँ | ४०७०४ | शुक्लागण्डकी नगरपालिका | १७५० | १८२३८ | १९९८८ |
| ४४ | तनहुँ | ४०७०५ | भिमाद नगरपालिका | १६२५ | १३०३८ | १४६६३ |
| ४५ | तनहुँ | ४०७०६ | घिरिङ्ग गाउँपालिका | १३७५ | ९१५४ | १०५२९ |
| ४६ | तनहुँ | ४०७०७ | ऋषिङ्ग गाउँपालिका | १५०० | ११११५६ | १२६५६ |
| ४७ | तनहुँ | ४०७०८ | देवघाट गाउँपालिका | १३७५ | ८१८७ | ९५६२ |
| ४८ | तनहुँ | ४०७०९ | बन्दिपुर गाउँपालिका | १५०० | ९६३८ | १११३८ |
| ४९ | तनहुँ | ४०७१० | आँबुखैरेनी गाउँपालिका | १५०० | १०१५८ | ११६५८ |
| ५० | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ४०८०१ | गैडाकोट नगरपालिका | १८७५ | २११४९ | २३०२४ |
| ५१ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ४०८०२ | बुलिङ्गटार गाउँपालिका | १३७५ | ८९३० | १०३०५ |
| ५२ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ४०८०३ | बौदीकाली गाउँपालिका | १३७५ | ७९४९ | ९३२४ |
| ५३ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ४०८०४ | हुप्सेकोट गाउँपालिका | १५०० | ११०५५ | १२५५५ |
| ५४ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ४०८०५ | देवचुली नगरपालिका | १७५० | १६५४४ | १८२९४ |
| ५५ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ४०८०६ | कावासोती नगरपालिका | २००० | २१६६४ | २३६६४ |
| ५६ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ४०८०७ | मध्यबिन्दु नगरपालिका | १८७५ | १९०२० | २०८९५ |
| ५७ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ४०८०८ | बिनयी त्रिवेणी गाउँपालिका | १६२५ | १४०५० | १५६७५ |
| ५८ | स्याङजा | ४०९०१ | पुतलीबजार नगरपालिका | १७५० | १७५२२ | १९२७२ |
| ५९ | स्याङजा | ४०९०२ | फेदीखोला गाउँपालिका | १३७५ | ७१२६ | ८५०१ |
| ६० | स्याङजा | ४०९०३ | आँधिखोला गाउँपालिका | १३७५ | ८७१४ | १००८९ |
| ६१ | स्याङजा | ४०९०४ | अर्जुनचौपारी गाउँपालिका | १३७५ | ८४६४ | ९८३९ |
| ६२ | स्याङजा | ४०९०५ | भीरकोट नगरपालिका | १५०० | ११५८५ | १३०८५ |
| ६३ | स्याङजा | ४०९०६ | बिरुवा गाउँपालिका | १३७५ | ९३२२ | १०६९७ |
| ६४ | स्याङजा | ४०९०७ | हरिनास गाउँपालिका | १३७५ | ८८०८ | १०१८३ |
| ६५ | स्याङजा | ४०९०८ | चापाकोट नगरपालिका | १५०० | ११६१२ | १३११२ |
| ६६ | स्याङजा | ४०९०९ | वालिङ्ग नगरपालिका | १८७५ | १९२०३ | २१०७८ |
| ६७ | स्याङजा | ४०९१० | गल्याङ नगरपालिका | १६२५ | १५२९० | १६९१५ |
| ६८ | स्याङजा | ४०९११ | कालीगण्डकी गाउँपालिका | १५०० | १०६९९ | १२१९९ |
| ६९ | पर्वत | ४१००१ | मोदी गाउँपालिका | १५०० | १०२२४ | ११७२४ |
| ७० | पर्वत | ४१००२ | जलजला गाउँपालिका | १५०० | १०३५७ | ११८५७ |

| क्र.सं. | जिल्ला | सङ्केत नं. | स्थानीय सरकारको नाम | न्यूनतम | सुत्रमा आधारित | जम्मा |
|---|---|---|---|---|---|---|
| ७१ | पर्वत | ४१००३ | कुश्मा नगरपालिका | १७५० | १६०२५ | १७७७५ |
| ७२ | पर्वत | ४१००४ | फलेबास नगरपालिका | १५०० | ११३३३ | १२८३३ |
| ७३ | पर्वत | ४१००५ | महाशिला गाउँपालिका | १२५० | ६०३२ | ७२८२ |
| ७४ | पर्वत | ४१००६ | बिहादी गाउँपालिका | १३७५ | ७५५२ | ८९२७ |
| ७५ | पर्वत | ४१००७ | पैयुं गाउँपालिका | १३७५ | ८३३१ | ९७०६ |
| ७६ | बागलुङ | ४११०१ | बाग्लुङ्ग नगरपालिका | १८७५ | २०८६१ | २२७३६ |
| ७७ | बागलुङ | ४११०२ | काठेखोला गाउँपालिका | १५०० | ११५०२ | १३००२ |
| ७८ | बागलुङ | ४११०३ | ताराखोला गाउँपालिका | १३७५ | ६५८९ | ७९६४ |
| ७९ | बागलुङ | ४११०४ | तमानखोला गाउँपालिका | १३७५ | ५८५४ | ७२२९ |
| ८० | बागलुङ | ४११०५ | ढोरपाटन नगरपालिका | १५०० | १०८५२ | १२३५२ |
| ८१ | बागलुङ | ४११०६ | निसीखोला गाउँपालिका | १५०० | ९९७४ | ११४७४ |
| ८२ | बागलुङ | ४११०७ | बडिगाड गाउँपालिका | १६२५ | १२७७६ | १४४०१ |
| ८३ | बागलुङ | ४११०८ | गल्कोट नगरपालिका | १६२५ | १३४४४ | १५०६९ |
| ८४ | बागलुङ | ४११०९ | बरेङ गाउँपालिका | १३७५ | ७५६४ | ८९३९ |
| ८५ | बागलुङ | ४१११० | जैमिनी नगरपालिका | १६२५ | १३०८४ | १४७०९ |
| | | | **जम्मा** | **१३०३७५** | **१०२९६२५** | **११६००००** |